REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 13.04.2025

- <u>PM</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले कड़ा सन्देश दिनुभएको छ कि भारत आतंकवादीहरूको लुक्ने स्थानमा सटिक रूपमा आक्रमण गर्न सक्षम छ। ओपरेशन सिन्दूरको सफलतामाथि श्री मोदीले भन्नुभयो, यस ओपरेशनअन्तर्गत आतंकवादीहरूको शिविर मात्र ध्वस्त नगरेर उनीहरूको कुटील योजना र दुस्साहसलाई पनि परास्त गरियो। प्रधानमन्त्रीले यो सन्देश आज पञ्जाबको आदमपुर वायुसेना केन्द्रमा वायु सेनाका योद्धाहरू र सैनिकहरूसितको कुराकानीमा दिनुभयो। उहाँले अपरेशन सिन्दूरअवधि देशको रक्षा गर्ने सशस्त्र बलहरूको साहस, वीरता र कार्यकुशलताको सराहना गर्नुभयो।

श्री मोदीले भन्नुभयो, भारत माताको जय ती प्रत्येक सैनिकको संकल्प हो, जो देशका लागि आफ्नो जीवन बलिदान दिन तयार छन्। उहाँले भन्नुभयो, यो प्रत्येक शहीदको शपथ हो र प्रत्येक नागरिकको आवाज हो, जसले देशका लागि केही गर्न चाहन्छन्।

---------------------------------------X---------------------------------------

- <u>CBSE Result</u>

केन्द्रिय माध्यमिक शिक्षा बोर्ड (CBSE)-ले आज कक्षा दश र बाह्रको परीक्षा परीणाम घोषणा गरेको छ। यस वर्ष कक्ष बाह्रका लगभग अठाशी प्रतिशत विद्यार्थीहरू बोर्ड परीक्षामा उत्तीर्ण भएका छन्, जुन गत वर्षको तुलनामा शून्य दशमलौ चार एक प्रतिशत अधिक हो। छात्रको तुलनामा छात्राहरूले फेरी पनि राम्रो प्रदर्शन गरेका छन्। परीक्षामा एकनब्बेभन्दा अधिक छात्राहरूले परीक्षा उत्तीर्ण गरेका छन्, जुन छात्रहरूको तुलनामा पाँच दशमलौ नौ-चार प्रतिशत अधिक हो। यस वर्ष कुल सोल्ह लाख बयानब्बे हजार सात सय चौरनब्बेजना विद्यार्थीले यस कक्षाको परीक्षा दिएका थिए।

यसैक्रममा दशौं कक्षाका तीरनब्बेभन्दा अधिक प्रतिशत विद्यार्थीहरू परीक्षामा सफल बनेका छन्। यसमा पनि छात्राहरू अघि देखिए। यसमा पञ्चनब्बेभन्दा अधिक प्रतिशत छात्राहरूले परीक्षा पास गरे, जुन छात्रहरूको तुलनामा दुई दशमलौ तीन-सात प्रतिशत अधिक हो। यस वर्ष कुल तेहीस लाख एकहतर हजार नौ सय उन्चालीसजना विद्यार्थीले कक्षा दशको परीक्षा लेखेका थिए।

-------------------------------------X-------------------------------------

- <u>Golden Jubilee Conclave</u>

राज्यपाल ओम प्रकाश माथुरले आज सिक्किम राज्य गठनको पचासौं वर्षगाँठ पालन गर्न सूचना एवं जनसम्पर्क विभागसितको तत्वावधानमा प्रेस क्लब अभ सिक्किमले आयोजना गरेको Sikkim@50 Golden Jubilee Conclave-को उदघाटन गर्नुभयो।

स्थानीय एउटा होटलमा सम्पन्न समारोहको पहिलो सत्रलाई सम्बोधन गर्दै राज्यपालले सिक्किमको पचास वर्षे यात्रामाथि प्रकाश पार्नुभयो अनि भन्नुभयो, यो अवसर राज्यले प्राप्त गरेको सफलतालाई मनाउने, नयाँ चुनौतीहरूलाई सम्बोधन गर्ने र भविष्यतर्फ अग्रसर हुने हो। उहाँले द्रुतगतीमा बढ्दो विश्वमा राज्यको दिशालाई आकार दिनमा रहेको नवोनन्वेष विचारहरूको आवश्यकतामाथि पनि प्रकाश पार्नुभयो।

Vibrant Village कार्यक्रममाथि प्रकाश पार्दै श्री माथुरले भन्नुभयो, वर्ष २०१४-देखि यता प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारत सरकारले उत्तरपूर्व र सीमावर्ती क्षेत्रहरूको सुधारमा धेरै पहल गरेको छ। यसमा उहाँले Act East Policy, उचित वायु र रेल लिङ्क अनि सुगम सड़क सञ्चाल जस्ता परियोजनाको उल्लेख गर्नुभयो।

समारोहको दुईवटै सत्रमा रहेको Panel discussion-मा सिक्किमसित सम्बन्धित विषयमा विशेषज्ञहरूले चर्चा गरे।

-------------------------------------X-------------------------------------

- <u>Review Meeting regarding Exigencies</u>

मंगनका जिल्लाधीश अनन्त जैनले जिल्लामा कुनै पनि आपतकालीन स्थितिका लागि आन्तरिक व्यवस्था र तयारीको समीक्षा र सुदृढीकरण गर्न आज बैठक डाक्नुभयो। यो बैठक विभिन्न विभागबीच सतर्कता र आपतकालीन प्रतिक्रिया क्षमता अभिवृद्धि गर्नमा रहनुपर्ने समन्वयमाथि केन्द्रित रह्यो।

जिल्लाधीशले जिल्लाभरी हवाई आक्रमणको अभ्यासमाथि व्यापक र व्यावहारिक कार्यान्वयनको आवश्यकताबारे जोड दिनुभयो। यो अभ्यास प्रमुख स्थानहरूमा चेताउनीका साइरनहरू जड़ान गरिएपछि सम्पन्न हुनेछ।

----------------------------------------X---------------------------------------

- <u>Inspection by Officials in Damaged Area</u>

गान्तोकका अतिरिक्त जिल्लाधीशको नेतृत्वमा रहेको अधिकारीगणको एउटा टोलीले हिजो साँझ आएको भारी वर्षाका कारण क्षतिग्रस्त बनेका स्थलहरूको निरीक्षण भ्रमण गऱ्यो। प्राप्त जानकारीअनुसार लगातार परेको वर्षाका कारण विभिन्न स्थानमा गएको पहिरो र पूर्वाधारलाई पुऱ्याएको क्षतिले मनव जीवन र सम्पत्तिलाई जोखिमपूर्ण अवस्थापमा पुऱ्याएको छ। वर्षापछि माखा बजारमा सड़क पूर्वाधारलाई व्यापक क्षति पुगेको छ भने तादोङ्मा राष्ट्रिय राजमार्ग दश मुनि पहिरो जाँदा आवासीय संरचनालाई क्षति पुऱ्याएको छ।
विभागीय अधिकारीहरूद्वारा राहत उपायहरू चलाइएको छ भने मानिसहरूको सुरक्षा र आवश्यक सेवा बहाल गर्न उचित उपायलाई अघि बढ़ाइएको छ।

----------------------------------------X---------------------------------------

- <u>Weather</u>

राज्यमा वर्षासितै पहिरो जाने र पूर्वाधारलाई क्षति पुग्ने क्रम शुरू भएको छ। यस्तोमा स्थानीय मौसम विज्ञान विभागले दिएको जानकारी अनुसार भोली आकाश बादलले ढाक्नका साथै केही ठाउमा वर्षा हुने अनि चड्याङ हान्ने अनुमान छ।
वितेको चौबीस घण्टामा गान्तोक र वरपरका स्थानहरूमा अधिकतम तापमान अठार दशमलौ आठ डिग्री सेलसीयस र न्युनतम तापमान सोल्ह डिग्री सेलसियस रेकर्ड गरियो। भोली अधिक्तम तापमान उन्नाइस डिग्री अनि न्युनतम सोल्ह डिग्री सेलसीयस रहने छ।

----------------------------------------X---------------------------------------